मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २० गते मंगलबार ❑ 3 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## फेवातालमा दीर्घकालीन योजना ल्याएर मात्र पोल गाड्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

पोखरा पर्यटन परिषद्ले फेवातालको सीमाङ्कनका नाममा दीर्घकालीन योजनाबिना नै पोल गाड्न थालिएको भन्दै ध्यानाकर्षण गराएको छ।

परिषद्ले सोमबार पत्रकार सम्मेलन गर्दै फेवातालको सीमाङ्कन भन्दै बिनायोजना पोल गाड्न थालेकामा विरोध गरेको हो। परिषद्ले बिनायोजना ६५ मिटर मापदण्ड लगाउँदा पर्यटन केन्द्र लेकसाइड मासिने खतरा रहेको भन्दै लेकसाइड मासेर पोखरा पर्यटनको राजधानी नबन्ने जनाएको छ । सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न बनेको सहजीकरण समितिले शनिबारदेखि फेवातालको साँधमा भौतिक पोल गाड्न सुरु गरेपछि स्थानीयवासीले त्यसको विरोध गरेका परिषद् अध्यक्ष तारानाथ पहारीले बताउनुभयो।

राज्यले जग्गाको सीमाङ्कन गर्दा जग्गाधनीसँग सहमति लिनुपर्ने बताउँदै उहाँले सहमति तथा उचित मुआब्जाबिना कसैलाई विस्थापित गर्न नमिल्ने बताउनुभयो । मुआब्जा दिन नसकिए ६५ मिटरको साटो ३० मिटर मापदण्ड लगाउनु उचित हुने पहारीको भनाइ छ।

परिषद्का पूर्वअध्यक्ष सूर्य भुजेलले छ महिनाभित्रमा फेवाताल संरक्षणको काम सक्न भनेर सर्वोच्च अदालतको आदेश आएको दुई वर्षपछि मानहानीको गालबाट बच्न पोल गाडिएको बताउनुभयो । वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले स्थानीयसँग छलफल नै नगरी सीमाङ्कन गर्न खोज्नु गलत हुने धारणा राख्नुभयो।

परिषद्का प्रथम उपाध्यक्ष हरि भुजेलले पर्यटनको जग लेकसाइड मासेर पर्यटकीय राजधानी बनाउने सपना नदेख्न आग्रह गर्नुभयो। पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले स्थानीयको सहमतिमा फेवातालको सीमाङ्कन हुनपर्नेमा जोड दिनुभयो।

चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष उमराज बास्तोला, परिषद्का महासचिव जीवनराज सापकोटा लगायतले स्थानीयवासीको सहमतिमा सीमाङ्कनको विषय टुङ्ग्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो।

सन् १९५० को माउण्टेन टुरिजम हुँदै १९६० को हिप्पी टुरिजमदेखि सुरु भएको पर्यटन क्षेत्रको लगानी ड्यामसाइड गौरीघाट हुँदै हाल लेकसाइडको मुख्य क्षेत्र बाराही चोक, हल्लनचोक, खहरे हुँदै खपौदीसम्म होटल, रेष्टुराँ, गेष्ट हाउस तथा ट्राभल्स ट्रेकिङ आदिमा अर्बौं लगानी भएको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

## 'विषम परिस्थितिको औसत बजेट, विनियोजन कुशलता नदेखिँदा कार्यान्वयन चुनौतीपूर्ण'

**रासस**
काठमाडौं, १९ जेठ

संसद्मा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा देखिएका संरचनागत कमजोरी, कार्यान्वयनको चुनौती र राजनीतिक स्थायित्वको अभावले मुलुकको लक्षित आर्थिक वृद्धिमा बाधा पुग्नसक्ने अर्थतन्त्रका जानकारहरूको टिप्पणी छ।

नेपाल व्यवस्थापन सङ्घले आज यहाँ आयोजना गरेको बजेटपछिको छलफल कार्यक्रमका वक्ताहरूले बजेट पारदर्शी, कार्यसम्पादनमा आधारित र दीर्घकालीन नतिजा प्राप्तितर्फ केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याउँदै राजस्व नीति, परियोजना छनोट र स्रोत व्यवस्थापनमा सुधारको आवश्यकता औंल्याए। कार्यक्रममा पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकमा राजनीतिक र नीतिगत स्थायित्व कायम नभएसम्म लक्षित आर्थिक वृद्धिदर हासिल हुन नसक्ने र बजेट कार्यान्वयनमा देखिएका समस्या पनि समाधान नहुने धारणा राख्नुभयो । उहाँले पूर्वतयारी नै नसकिएका आयोजनामा बजेट हाल्ने र विनियोजनमा कुशलता नदेखिने प्रवृत्तिले कार्यान्वयनमा पनि समस्या हुने बताउनुभयो। यस्तै, मध्यावधि समीक्षामार्फत् सरकारले आय र व्ययको अनुमान घटाउने प्रवृत्ति रोकिनुपर्नेमा पूर्वमन्त्री कार्कीले जोड दिनुभयो। पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेटमा स्रोत जुटाउन निकै सकस पर्न थालेको उल्लेख गर्दै विभिन्न कोष तथा वैकल्पिक वित्त स्रोत खोजिनुपर्नेमा जोड दिनुभयो। उहाँले सरकारी कर्मचारीका लागि आवास निर्माण गर्ने भनेर बजेटमा राखिएको योजना सकारात्मक रहेको टिप्पणी गर्नुभयो। पछिल्लो समय बदलिँदै गएको भूराजनीतिक परिस्थिति र चीन तथा भारतजस्ता दुई ठूला अर्थतन्त्रको बीचमा रहेको नेपालले पर्यटन प्रवर्द्धन र सूचना प्रविधि क्षेत्रको विकासमार्फत लाभ लिन सक्ने सम्भावनालाई ध्यानमा राख्नुपर्ने पाण्डेको भनाइ छ। पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले बजेटमा ठूलो सङ्ख्यामा आयोजना राख्ने र बजेट छर्ने प्रवृत्ति यसपटक अन्त्य भएको बताउनुभयो। यसपटक रु तीन करोडभन्दा कम लागतका आयोजना बजेटमा नराखिएको उल्लेख गर्दै उहाँले आगामी आवको बजेटमा करिब साढे चार हजार आयोजना कटौतीमा परेको बताउनुभयो। यद्यपि बजेटमा राखिएको राजस्व लक्ष्य, वैदेशिक ऋण तथा अनुदानको लक्ष्य प्राप्त हुन सक्ने आधार भने देखिएको उहाँको भनाइ छ। पूर्वअर्थमन्त्री वर्षमान पुनले दुई ठूला दल र दुई तिहाइको सरकारले निकै कमजोर बजेट ल्याएको टिप्पणी गर्नुभयो । अर्थतन्त्र सुधारका लागि बजेटमार्फत आर्थिक नीति पुनरावलोकन हुन आवश्यक भए पनि सरकारले यथास्थितिवादी ढङ्गले मात्रै बजेट ल्याएको उहाँको भनाइ छ। पूर्वअर्थमन्त्री डा रुप ज्योतिले मुलुकको राजस्व नीतिले प्रभावकारी नतिजा देखाउन नसकेको धारणा राख्नुभयो। मूल्य अभिवृद्धि कर (भ्याट) को विद्यमान व्यवस्थालाई पुनःसंरचना गर्नुपर्नेतर्फ पनि उहाँले जोड दिनुभयो।

अर्थविद् डा कल्पना खनालले विनियोजनमा केही अनुशासन पालना गर्न खोजिए जस्तो देखिए पनि स्रोतको चाप व्यवस्थापन गर्न नसकिएको बताउनुभयो । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले दिएका सुझावलाई बजेटमार्फत केही हदसम्म सम्बोधन गर्न खोजिएको उहाँको भनाइ छ । अर्थविद् नरबहादुर थापाले पुँजीगत लाभकर तथा विद्युतीय सवारीसाधनमा लाग्ने कर यथावत राखिएको, आयोजनाको सङ्ख्या घटाइएको, जग्गाको हदबन्दी छुटजस्ता विषय बजेटका सकारात्मक विषय रहेको बताउनुभयो । आगामी आवको बजेटमा मौद्रिक नीतिका कुरा धेरै गर्न खोजिएको भन्दै उहाँले यसले बेथिति ल्याउन सक्नेतर्फ सचेत गराउनुभयो । अर्थविद् डा डिल्लीराज खनालले बजेटमा पर्ने योजना तथा कार्यक्रममाथि पर्याप्त पूर्वतयारी हुन नसक्दा कार्यान्वयनमा समस्या हुने गरेको बताउनुभयो। कार्यसम्पादनमा आधारित बजेट ल्याउन सके त्यसलाई कार्यान्वयन गर्न सहज हुने र नतिजा पनि देखिने उहाँको भनाइ थियो।

## स्याङ्जाको जिल्ला प्रशासन देशभर उत्कृष्ट

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १९ जेठ

गृह मन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादन मूल्याङ्कन नतिजा अनुसार जिल्ला प्रशासन कार्यालय स्याङ्जा देशभरी पहिलो भएको छ।

चालु आर्थिक वर्ष २०८१/०८२ को तेस्रो त्रैमासिक अवधि (माघ-चैत्र) को सम्पादित कार्यहरूका आधारमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले पहिलो स्थान प्राप्त गरेको हो।

मन्त्रालयले प्रत्येक आवको त्रैमासिक कार्य मूल्याङ्कनका आधारमा प्रतिवेदन सार्वजनिक गर्ने गरेको छ। शान्तिसुरक्षा र अपराध नियन्त्रण, शासकीय प्रबन्ध (सेवा प्रवाह र सुशासन), लागूऔषध र नियन्त्रण, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरणलगायतका विषयलाई आधार मानेर जिल्ला प्रशासनका विभिन्न सूचकहरूमा मूल्याङ्कन गर्ने गर्छ।

यसभन्दा अगाडीका मुल्याङ्कनमा स्याङ्जा २७ औं र दोस्रो स्थानमा परेको थियो। गृहमन्त्रालयले सार्वजनिक गरेको कार्यसम्पादनको तालिका अनुसार कूल १८ दशमलव ५ पूर्णाङ्क मध्ये स्याङ्जाले १८ दशमलव १२५ अंक प्राप्त गरेको छ।

आर्थिक बर्ष २०८१/०८२ का लागि गृह सचिव र प्रमुख जिल्ला अधिकारी बिच भएको कार्यसम्पादन सम्झौता अनुसार स्याङ्जाले तेस्रो त्रैमासिकमा पहिलो स्थान हासिल गर्न सफल भएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाका सहायक प्रजिअ तथा सूचना अधिकारी दीपक पौडेलले बताए। चौथो त्रैमासिकमा पनि स्याङ्जाले यो साख बचाउने विश्वास सहायक प्रजिअ पौडेलको छ।

चालु आर्थिक वर्षको पहिलो र दोस्रोमा प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल थिइन् भने तेस्रो त्रैमासिकमा केही समय नेपाल र केही समय वर्तमान प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्याल रहेका छन्। निवर्तमान प्रजिअ नेपाल स्याङ्जा रहदा प्रशासनिक कार्यमा गरेको कार्यसम्पादनको नागरिकस्तरबाट पनि प्रशंसा गरिएको थियो । नदीजन्य उत्खनन् र विपत व्यवस्थापनमा नेपालले खेलेको भुमिका निकै राम्रो थियो भने बालवालिका क्षेत्रमा पर्ने असरहरुका बारेमा नेपालले पालिकास्तरमा पुगेर प्रशिक्षण समेत गरेकी थिइन्। जसले गर्दा बच्चाको जन्मदर्ता, नागरिकता पाउन कठिन भएका समस्याहरु हल गर्न सफल भएकी थिइन्।

उनको सरुवापछि प्रमुख जिल्ला अधिकारीको रुपमा हाल ईश्वरीप्रसाद अर्याल रहेका छन् । अर्यालको पनि छोटो समयमा प्रशासनबाट हुने कार्यसम्पादनमा नागरिकमैत्री भावका कारण प्रशंसित भइरहेका छन्।

कुनैपनि नागरिक प्रशासनबाट काम समेर फर्कदा हाँसेर फर्कनुपर्छ भन्ने मान्यता राखेर काम गर्न प्रजिअ अर्यालले कर्मचारीलाई निर्देशन समेत दिएका छन् । जसले गर्दा प्रशासनमा आउने सेवाग्राहीहरुमा कुनै समस्या नहुने गरेको बताइएको छ।

## अपाङ्ग सचेतना लोक गित प्रतियोगितामा उर्जाशिल समूह प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

कास्की नेत्रहिन संघले सोमबार लेखनाथमा आयोजना गरेको अपाङ्गता सचेतना सम्वन्धि लोक गित प्रतियोगितामा उर्जाशिल नेत्रहिन महिला समूह पोखरा–२६ प्रथम भएको छ।

प्रतियोगितामा नेत्रहिन महिला समूहले दोश्रो स्थान हासिल गरेको छ भने तृतिय स्थान नमूना आमा समूह पोखरा–२६, रिठ्ठेपानीले प्राप्त गरेको छ । प्रतियोगितामा नेत्रहिन युवा संघ बुढिबजारले सान्तवना स्थान हासिल गरेको छ।


बिजेता समूह प्रथमलाई १० हजार, द्धितियलाई सात हजार, तृतियलाई पाँच हजार र सान्तवना हुनेलाई तीन हजार रुपैया पुरस्कार र प्रमाणपत्र बितरण गरिएको छ।




पुरस्कार बितरण गर्दै, पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाले भौतिक पूर्वाधारको स्तरोन्नतीले मात्र विकासको मापन नहुने उल्लेख गर्दै, मानविय संसाधनको बिकासमा ध्यान दिनु पर्ने बताउनु भयो।

वडा अध्यक्ष थापाले अपाङ्ग प्रति विभेद भन्दा पनि अवसरको खाँचो रहेको स्पष्ट पार्दै, क्षमता भएर पनि अपाङ्गताका कारण कतिपय अवसरहरु गुमेको उल्लेख गर्नु भयो। उहाँले अपाङ्ग नागरिकका लागि राज्यले सुरक्षित जीवनको ग्यारेन्टी गर्नु पर्नेमा जोड दिनु भयो । अपाङ्गता सम्वन्धि जनचेतनामुलक कार्यक्रमले सपाङ्ग नागरिकका लागि बुझाईको अवसर मिलेको बताउनु भयो।

वडा सदस्य सुजता बराल सुनारले सवै क्षेत्रलाई समेट्ने गरी वडाले बजेट विनियोजन गरेको उल्लेख गर्दै, महिलाको सशक्तीकरणका लागि क्षमता अभिबृद्धिका कार्यक्रममा जोड दिईएको बताउनु भयो । पोखरा २६ का सूचना अधिकारी नवराज सापकोटाले भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री हुनु पर्नेमा जोड दिदै, क्षमता अभिबृद्धि र उद्यमशिलताका कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाउन सहयोग गर्नु पर्ने बताउनु भयो । कास्की नेत्रहिन संघका अध्यक्ष श्रीकान्त सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा लोकदोहोरी प्रतिष्ठान कास्कीका अध्यक्ष शिवहरि ढुंगाना, लक्ष्मी आदर्श क्याम्पसका सहायक क्याम्पस प्रमुख तारा शर्मा, अपाङ्ग महासंघका रमेश पोखरेल, कास्की नेत्रहिन संघका उपाध्यक्ष अमृत बराल लगायतले प्रतियोगिताको बारेमा बोल्नु भएको थियो । कार्यक्रममा वडा अध्यक्ष थापाले ४० जना दृष्टिविहिनलाई सेतो छडी, दुई जनालाई ह्वील चियर र पाँच जनालाई हेयर एड मेशिन बितरण गर्नु भएको थियो। प्रतियोगितामा वडा नं २६ का महिला तथा आमा र दृष्टिविहिन सहित १४ समूहको सहभागिता रहेको थियो। लोकदोहोरी गायक शिवहरि ढुंगाना, लक्ष्मी आदर्श क्याम्पसका सहायक क्याम्पस प्रमुख तारा शर्मा र रमेश पोखरेल निर्णायक रहनु भएको थियो । कार्यक्रम नेत्रहिन संघ कास्कीका सुनिता ज्ञवालीले संचालन गर्नु भएको थियो भने कार्यक्रम संयोजन शुशिल गोदारले गर्नु भएको थियो।



# अम्मरसिंहलाई ब्रेकिङ बाउण्ड्रिज अन्तर विद्यालय छात्र-छात्रा क्रिकेटको दोहोरो उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ




पोखरा क्रिकेट एकेडेमीको आयोजना तथा किडासाको मुख्य सहयोगमा पोखरामा सम्पन्न पाँचौं संस्करणको ब्रेकिङ्ग बाउण्ड्रज अन्तर विद्यालय छात्र-छात्रा टी-२० क्रिकेट प्रतियोगितामा दुवैतर्फको उपाधी अम्मरसिंह माविले जितेको छ । सोमबार पोखरा रङ्गशालामा भएको फाइनल खेलमा दुवै तर्फको प्रतिद्वन्दी बाराही माविलाई पराजित गर्दै अमरसिंहले दोहोरो उपाधि चुमेको हो ।

छात्रतर्फको फाइनल खेलमा उसले बाराहीलाई दुई विकेटले पराजित गर्दै विजेता बन्न सफल भयो । प्रतिस्पर्धात्मक खेलमा जितका लागि अन्तिम बलमा आवश्यक चौका प्रहार गर्दै अमर सिंहले रोचक जित निकालेको हो । टस जितेर ब्याटिङ गरेको बाराहीले निर्धारित १८ ओभरको खेलमा सम्पूर्ण विकेट गुमाएर १ सय २ रन बनाएको थियो । बाराहीको ब्याटिङमा सबिन बिकले १८ बलमा २१ रन बनाए भने आयुष सुनारले १३ रन जोडेका थिए । अमर सिंहका बलर स्मित कणेलले ३ विकेट लिए । जितका लागि १ सय ३ रनको लक्ष्य पछाएको अमरसिंहले ८ विकेटको क्षतिमा जित हासिल गर्न सकेको हो । अमरसिंहका लागि आतिफ मियाले १८, विस्तृत गिरीले १६ रन जोडे । बाराहीको बलिङमा अभिषेक अधिकारी र विवेक विकले समान २ विकेट लिए । फाइनल खेलमा ३ विकेट लिएका बाराहीका स्मित कँडेल प्लेयर अफ द म्याच बने । छात्रतर्फको फाइनल खेलमा अमरसिंह मावि ७ विकेटले विजयी भएको हो । अमरसिंहले टस जितेर बलिङ रोजेको थियो । बाराहीले १० ओभरमा सम्पूर्ण विकेट गुमाउँदै ३८ रन मात्रै बनाउँदा हिरा मगरले सर्वाधिक ५ रनको योगदान दिइन् । बाराहीलाई सस्तैमा समेट्न प्लेयर अफ द म्याच बनेकी अमरसिंहकी सोफिया गुरुङले ६ विकेट लिइन् । अमरसिंहले ५.३ ओभरमा मात्रै ३ विकेटको क्षतिमा जित निकालेको थियो । अमरसिंहका लागि चन्द्रमाया बरालले १२ बलमा १९ तथा रक्षा फगामीले ११ रनको पारी खेलिन् । बाराहीका बलर सोनीमा मगरले २ विकेट लिएकी थिइन् । प्रतियोगितामा छात्रतर्फ बाराहीका अभिषेक अधिकारी सर्वोत्कृष्ट खेलाडी सहित सर्वोत्कृष्ट बलर भए । सम्राट अधिकारी बेस्ट ब्याटर भए । छात्रातर्फ सोनिमा मगरले सर्वोत्कृष्ट खेलाडीको उपाधि हासिल गरिन् । श्रद्धा गुरुङ बेस्ट ब्याटर तथा सोफिया गुरुङ बेस्ट बलर घोषित भइन् । प्रतियोगिताको विजेताले नगद रु १५ हजार तथा उपविजेताले नगद रु ५ हजार सहित ट्रफी मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्यो । विजयी खेलाडीहरूलाई कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष मिलन गुरुङ, गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष संजयकान्त सिग्देल, पोखरा महानगर क्रिकेट समितिका अध्यक्ष वीरेन्द्र पुन, प्रतियोगिताको मुख्य सहयोगी किडासाका प्रतिनिधिहरू बसन्तराज पराजुली रमेश बास्तोला र सविन उदास, प्रदेश खेलकुद परिषद्का पूर्व सदस्य ऋषिराम गौतम लगायतले पुरस्कार वितरण गरे । प्रतियोगिता आयोजक समितिका अध्यक्ष बबिन कुँवरको अध्यक्षतामा सम्पन्न समारोह क्रिकेट खेलाडी समेत रहेका सन्देश साही ठकुरीले सञ्चालन गरेका थिए ।

# तीन शिविरमा ७ सय जनाको जाँच

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



कास्की र तनहुँका तीन स्थानमा भएका तीन स्वास्थ्य शिविरमा सात सय जनाको सित्तैमा जाँच गरिएको छ । गण्डकी प्रदेशकै पाहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि( युआरएल)को प्राविधिक सहयोगमा ती शिविर भएका हुन् ।

बिहीबार पोखरा २२ मा भएको शिविरमा मधुमेह र थाइराइडसम्बन्धी जाँच सित्तैमा गरिएको थियो । पोखरा लेडी जेसिजको आयोजनामा भएको कार्यक्रममको व्यवस्थापन सन्तान आइभिएफ महेन्द्रपुलले गरेको थियो । कार्यक्रममा पोखरा २२ का वडाध्यक्ष हिमलाल बरालले स्थानीयको टोल, टोलमै विशेषज्ञसहितको गुणस्तरीय सेवा र सचेतना उपलब्ध हुँदा स्वास्थ्य सेवाको उपलब्धतामा सहज हुने बताए । तीन सय जनाको सित्तैमा जाँच गरिएको कार्यक्रममा रेडियोलोजी सेवासहित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सकहरुले पनि सेवा दिएका थिए । कार्यक्रममा सन्तान आइभिएफका प्रबन्ध निर्देशक नीलकण्ठ पराजुलीले पछिल्लो समय बढेको बाँझोपनको निदान र सन्तान प्राप्तिका अरु उपायहरु पनि रहेको औंल्याए । उनले यो प्रविधि केही महंगो रहेको जनाउँदै उनले विपन्न नागरिकलाई वडा कार्यालयको सिफारिसमा शतप्रतिशतसम्म शुल्कमा छुट दिइने प्रष्ट पारे । पोखरा लेडी जेसिजकी अध्यक्ष गीता ढुंगानाले समेत बोलेकी थिइन् । शुक्रबार ज्योति कुञ्ज सेकेन्डरी स्कुल पोखरा १० रामबजारको आयोजनामा निशुल्क शिविर आयोजना गरियो । विद्यालयको ३६ औं वार्षिकोत्सवको अवसरमा भएको कार्यक्रममा एक सय ७० जनाको मधुमेह र रगतमा हुने खराब बोसो (टिजी) सित्तैमा जाँच गरिएको थियो । विद्यालयका संस्थापक अध्यक्ष बालाकृष्ण शर्माको अध्यक्षतामा भएको कार्यक्रममा युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्थले युआरएलले सेवासँगसँगै सामाजिक उत्तरदायित्व बहन गर्दै आएको जनाए । उनले भने, 'सेवासँगै सामाजिक उत्तरदायित्व बहनमा पनि हामीअघि छौं । नागरिक, स्वास्थ्यकर्मी र समाजको विश्वास र साथ पनि पाएका छौं ।' शनिबार तनहुँको सेवा हस्पिटल दुलेगौंडाको आयोजनामा अर्को शिविर भएको छ । यो शिविरमा ३ सय ११ जनाको मधुमेह र थाइराइडसम्बन्धी जाँच सित्तैमा गरिएको थियो । कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ फिजिसियन डा कृष्णराज अधिकारीले खानपान र जीवनशैलीकै कारण धेरै रोग लाग्ने भएकाले त्यसमा ध्यान पुर्‍याउन आग्रह गरे । उनले भने, 'समाजमा अनेक भ्रम पनि छन् । ती भ्रमको पछि नलागी बेला बेलामा स्वास्थ्य जाँच, उचित उपचार र खानपान अवलम्बन गरे दीर्घ जीवन सम्भव हुन्छ ।'

कार्यक्रमा युआरएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले सर्वोत्कृष्ट प्रविधिसँगै दक्ष जनशक्ति र गुणस्तरीय सेवाका कारण युआरएल यो क्षेत्रको अग्रणी ल्याब बनेको बताए । तनहुँको सेवा हस्पिटलका अध्यक्ष हरि खड्काको अध्यक्षतामा भएको कार्यक्रममा युआरएलका मार्केटिङ निर्देशक मणि न्यौपाने लगायतले बोलेका थिए । युआरएलले विभिन्न संघ, संस्था सँगको सहकार्यमा अहिलेसम्म १ सय ९९ शिविर आयोजना गरिसकेको छ ।

# नेपाल खुला राष्ट्रिय अन्तर-विद्यालय ब्याडमिन्टन प्रतियोगिता बुधबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

खेलकुदको शहर पोखरामा चौथो संस्करणको मोहन मेमोरियल नेपाल खुला राष्ट्रिय अन्तर-विद्यालय ब्याडमिन्टन प्रतियोगिता-२०८२ बुधबार देखि हुने भएको छ ।

मोहन भूगोल ब्याडमिन्टन फाउण्डेसन र फिट नेपाल स्पोर्ट्स प्लेक्सको आयोजनामा यही जेठ २१ गते देखि उक्त प्रतियोगिता हुने भएको आज (सोमबार) पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

३ वटा उमेर समुह र पोखरा महानगरपालिका वडा स्तरिय इभेण्टमा हुने उक्त प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको फाउण्डेसन तथा फिट नेपालका संस्थापक अध्यक्ष भुगोल गुरुङले बताउनु भयो । जेठ २४ गतेसम्म फिट नेपाल स्पोर्ट्स प्लेक्सको ब्याडमिन्टन कोर्टमा हुने उक्त प्रतियोगिता अन्तर्गत यू–११ एकल छात्र तथा छात्रा तर्फ, यू–१५ र यू–१९ गरी ४ वटा इभेण्टमा एकल छात्र तथा छात्रा तर्फ प्रतिष्प्रर्धा हुने भएको भएको छ ।

प्रतियोगितामा यू–१५ र यू–१९ का विजेता खेलाडीलाई जनही ३० हजार, उपविजेतालाई २० हजार र तेश्रो हुने खेलाडीलाई भने १० हजार पुरस्कारको साथमा ट्रफी, मेडल र प्रमाण पत्र वितरण गरिने भएको छ । पोखरा महानगर वडा स्तरिय (डवल) प्रतिष्प्रर्धामा विजेता हुने, उपविजेता र तेश्रो हुनेलाई क्रमशः ३०, हजार , २० हजार र १० हजार प्रदान गरिने भएको हो । यू–११ तर्फका बिजेतालाई भने आकर्षण पुरस्कार पूदान गरिने भएको छ । प्रतियोगितामा पोखरा सहित काठमाण्डौं, चितवन, कपिलबस्तु, भोजपुर लगायतका स्थानबाट करिब १ सय ५० भन्दा बढी खेलाडीहरु सहभागि हुने भएको प्रतियोगिताका संयोजक मधु गिरीले बताउनु भयो ।

प्रतियोगिता सम्पन्न गर्न करिब ७ लाख खर्च लाग्ने आयोजकले जनाएको छ । बुधबार हुने उद्घाटन खेलमा भने मार्च पास समेत हुने तयारी गरिएको फाउण्डेसनका सचिव बरदान लामाले बताउनु भयो । तल्लो स्तरबाटै ब्याडमिन्टन खेलको विकास गराउने उद्धेश्यले फाउण्डेसनले विगत ४ बर्ष देखि निरन्तर रुपमा उक्त प्रतियोगितालाई निरन्तर रुपमा अयोजना गर्दै आएको संस्थापक अध्यक्ष गुरुङले जनाउनु भयो । ओलम्पियन एवं ब्याडमिन्टनका नम्बर वान खेलाडी प्रिन्स दाहालले नेपालमा ब्याडमिन्टन खेलको धेरै सम्भावना भएको दाबी गर्दै नियमित रुपमा प्रतियोगिता र प्रशिक्षण गरे नेपालले यस खेलबाट पदक ल्याउन सक्ने दाबी गर्नुभयो । पूर्व राष्ट्रिय खेलाडी एवं प्रशिक्षक पुनम गुरुङले पोखरामा तल्लो तहबाट खेलाडी उत्पादन गर्ने अभियानमा आफुहरु लागेको बताउनु भयो । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष याम्बी आस्थाले सरकारले पछिल्लो समयमा खेलकुदको महत्व बुझ्रेर यस बर्ष दोब्बरले बजेट आउनु खुसिको कुरा भएको बताउनु भयो ।

# ट्र्याक खुलेको २० वर्षपछि पर्यटकीय गाउँ धम्पुसमा पक्की सडक बन्दै

**पोखरापत्र संवाददाता**
कास्की, १९ जेठ

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका्-७ को पर्यटकीय गाउँ धम्पुस पक्की कालोपत्र सडक सञ्जालले जोडिने भएको छ ।

मध्यपहाडी राजमार्गको हेमजा घट्टेखोलादेखी धम्पुस हुँदै खानीगाउँसम्मको १३ किमी सडक स्तरोन्नतिको कार्य सुरु भएको हो । गण्डकी प्रदेश सरकार भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको ग्रामिण सम्पर्क सुधार परियोजना (आर सिआइपी) को रु ३० करोड १८ लाख ९४ हजार लागतमा सडक स्तरोन्नति गरी पक्की बनाउन सुरु गरिएको हो ।

आरसिआइपी परियोजना पोखराका प्रमुख लक्ष्मी भण्डारीले आगामी दुई वर्षभित्रमा सडक निर्माण सम्पन्न गर्ने गरी गत फागुनमा निर्माण कम्पनी विविआर कन्स्ट्रक्सन काठमाडौँसँग ठेक्का सम्झौता गरिएको जानकारी दिनुभयो । निर्माण कम्पनीले हाल खानी गाउँदेखी सडक स्तरोन्नति काम सुरु गरिएको भण्डारीले बताउनुभयो ।

माछापुच्छ्रे गाउँपालिका-७ का वडाध्यक्ष वैकुण्ठप्रसाद भण्डारीले वडाको बीच भागबाट बाटो बन्ने भएकाले धम्पुसका सबै १० वटा टोल लाभान्वित हुने बताउनुभयो । उहाँले माछापुच्छ्रे गाउँपालिका-८ को अर्को पर्यटकीय ल्वाङ गाउँको सीमानासम्म अहिले सडक पुग्ने र ल्वाङबाट दुई किमी निर्माण भइरहेकाले ल्वाङ, खोराकोमुख हुँदै गाउँपालिका केन्द्र र पोखरा बजार पुग्न सहज हुने बताउनुभयो । वडाध्यक्ष भण्डारीले भन्नुभयो, "यस सडक बनाउनका लागि धेरै पहल भयो । यसै क्षेत्रका प्रदेश सांसद गण्डकीका तत्कालीन अर्थमन्त्री रामजी बरालको समयमा यसले मूर्तरुप लिएको हो । गाउँपालिका, धम्पुसवासीको निरन्तरको मेहिनत सफल भएको छ । सडक निर्माणसँगै धम्पुसको मुहार फेरिने छ । निर्माण कम्पनीका साइट इन्चार्ज नरेन्द्र बाँस्तोलाले एक महिनादेखि सडक निर्माण कार्य सुरु भएको बताउनुभयो । ठेक्का सम्झौताभित्र नै बाटो निर्माण गरिने उहाँको भनाइ छ । खानीगाउँ र घट्टेखोला दुवै तर्फबाट बाटो निर्माण गर्ने भएकाले तोकिएको म्यादभित्रमा पूरा हुने उहाँको विश्वास छ ।

घट्टेखोला-धम्पुस-खानीगाउँ सडकको विसं २०६१ मा ट्र्याक खुलेको हो । पर्यटकीय गाउँमा दुई दशकपछि पक्की सडक निर्माण कार्य सुरु भएसँगै स्थानीय समेत उत्साहित भएका छन् । धम्पुस पर्यटकीय गाउँका साथै विश्व प्रख्यात मर्दी हिमाल र अन्नपूर्ण आधार शिविरको प्रवेशद्धार समेत हो । धम्पुसबाट दर्जनौं हिमश्रृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ । यहाँको गुरुङ संस्कृति र प्राकृतिक सुन्दरतामा रमाउनका लागि पर्यटक धम्पुस पुग्ने गरेका छन् । पर्यटक आगमन वढेसँगै यहाँ सुविधासम्पन्न होटल तथा लजहरु खुलिसकेका छन् ।

# एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट प्रतियोगिता

**पोखरापत्र संवाददाता**
कास्की, १९ जेठ




पोखरामा जारी एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि-२० क्रिकेट च्याम्पीयनसीपमा मदरल्याण्ड सेकेण्डरी स्कुल लगातार दुई खेल जित्दै सेमीफाइनलमा प्रवेश गरेको छ ।

पोखराको लेखनाथस्थित ईडेन गार्डेन क्रिकेट मैदानमा सोमबार भएको दोस्रो खेलमा मदरल्याण्डले त्रिवेणी पब्लिक स्कुलबिरुद्ध ९ विकेटको फराकिलो जित निकाल्दै सेमीफाइनलको यात्रा गर्ने पहिलो टिम बनेको हो । यसअघि मदरल्याण्डले आईतबार वाराही माविलाई ९ रनले पराजित गरेको थियो । सोमबारको खेल जितेर मदरल्याण्ड समूह बिजेता बन्दै सेमीफाइनलमा प्रवेश गरेको आयोजक पोखरा महानगरपालिका क्रिकेट संघका अध्यक्ष बिरेन्द्र पुनले जानकारी दिए ।

सोमबारको खेलमा त्रिवेणी पव्लिक स्कुलले टस जितेर व्याटिङ रोज्दै १०.४ ओभरमा ९ विकेटको नोक्सानीमा ४८ रन बनाएको थियो । सो स्कुलका क्याप्टेन खुट्टामा चोट लागेर घाईते भएपछि अन्तिम विकेट झर्नुअघि नै रिटायर्ड हर्टहुँदै बाहिरिएका थिए । त्रिवेणीका ऋतिक रोक्काले १५ बलमा १७ रन तथा प्रतीक कँडेलले १९ बलमा १४ रन बनाउनुबाहेक अन्य व्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । त्रिवेणीलाई झिनो स्कोरमा समेट्ने क्रममा गौरव क्षेत्रीले २ ओभरमा ३ रन दिएर २ विकेट लिँदा दर्शन सुवेदीले १.४ ओभरमा ४ रन खर्चेर २ विकेट हत्याएका थिए । ४९ रनको झिनो लक्ष्य पछ्याएको मदरल्याण्डले ५.१ ओभरमै १ विकेटको क्षेतीमा लक्ष्य भेट्टायो । मदरल्याण्डका ग्रेस क्षेत्रीले १५ बलमा २० रन तथा दर्शन सुवेदीले ११ बलमा १६ रनको योगदान दिए । त्रिवेणीका रोमन भाटले २ ओभरमा १३ रन खर्चेर १ विकेट लिनुबाहेक अन्य बलर विकेट लिन असफल रहे ।

सो खेलमा मदरल्याण्डका गौरव क्षेत्री प्लेयर अफ दी म्याच घोषित भए ।

सोमबार नै भएको अर्को जुनियर सिटिजन एकेडेमीले कुमुदिनी होम्सलाई १ सय रनको फराकिलो अन्तरले हरायो । यसअघि आईतबार भएको खेलमा प्रतिभा माविसँगपनि एक सय रनले पराजित कुमुदिनी सोमबारपनि उतिनै रनले जुनियर सिटिजन एकेडेमीसँग हारेपछि समूह बिजेता बनेर सेमीफाइनल प्रवेश गर्ने होडबाट बाहिरिएको छ । सोमबारको खेलमा टस जितेर व्याटिङ रोजेको जुनियर सिटीजन एकेडेमीले वर्षाका कारण १५ ओभरमा घटाइएको खेलमा पूरै ओभर खेल्दै २ विकेटको क्षेतीमा १७३ रनको विशाल योगफल तयार गर्‍यो । विशाल योगफल तयार गर्नका लागि जुनियर सिटिजन एकेडेमीका सौरभ शर्माले ४५ बलमा ६९ रन, साहिल कुमारले ४२ बलमा ५९ रन तथा अभिषेक विकले ११ बलमा २२ रनको योगदान दिए । १७४ रनको विशाल लक्ष्य पछ्याएको कुमुदिनी होम्स ११.५ ओभरमा पूरै विकेट गुमाएर ७३ रनमा सिमित भएको थियो । कुमुदिनी होम्सका लागि मोहम्मद अलीले १५ बलमा १४ रन तथा सिद्धार्थ रावतले ९ बलमा ११ रन बनाएपनि अन्यले दोहोरो रन जोड्न सकेनन । जुनियर सिटिजनका नविन श्रेष्ठले २.५ ओभरमा १७ रन खर्चेर ४ विकेट तथा दीपेन सुवेदीले २ ओभरमा ७ रन खर्चेर २ विकेट हत्याए ।

सो खेलमा जुनियर सिटिजन एकेडेमीका नवीन श्रेष्ठ प्लेयर अफ दी म्याच घोषित भए ।

प्रतियोगिता अन्तर्गत मंगलबार पहिलो खेलमा न्यूलाईट सेकेण्डरीबिरुद्ध अमरसिंह मावि तथा दोश्रो खेलमा एसओएस हर्मन माईनर सेकेण्डरी स्कुलबिरुद्ध रत्नज्योति सेकेण्डरी स्कुल आमनेसामने हुने संघका अध्यक्ष पुनले जानकारी दिए ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस्।
– सास लिभोसन

## सम्पादकीय

# रहस्यमय दरबार हत्याकाण्ड

पोखरा र गण्डकी प्रदेशमा हालै पर्यटक सवारी साधनहरूको सञ्चालनका क्रममा भएको अवरोधहरूप्रति बिरोध भएको छ। हड्तालमा पक सवारीसाधनहरूलाई निर्वाध रूपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न सार्वजनिक यातायात बचाउ सङ्घर्ष समिति र सबै पक्षसँग आग्रह गरेको हो। यस्ता अवरोधहरूले गण्डकी प्रदेशको समग्र पर्यटन व्यवसायमा असर पार्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकहरूमा नकरात्मक सन्देश प्रवाह हुने खतरा बढ्ने भन्दै विज्ञप्तिमा पर्यटन क्षेत्र नेपालको समृद्धिको मुख्य आधारमध्ये एक भएको र यसलाई व्यवस्थित एवं सुरक्षित बनाउनु सरोकारवालाहरूको साझा दायित्व भएको भनिएको छ

बन्द नै समाधान नभएको भन्दै परिषद्ले सबै सरोकारवाला निकायहरू प्रति गम्भीर ध्यानाकर्षणसहित शान्तिपूर्ण, व्यवस्थित र पर्यटकमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ। नारायणहिटी दरबार हत्याकाण्ड भएको २४ वर्ष पूरा भएको छ। २०५८ जेठ १९ गते साँझ नारायणहिटी राजदरबारभित्र तत्कालीन राजा वीरेन्द्र विरविक्रम शाहको वंश विनास भएको थियो। राजदरबार हत्याकाण्डमा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, राजकुमार निराजन, राजकुमारी श्रुती, राजकुमार धिरेन्द्र, राजकुमारी जयन्ती, राजकुमारी शान्ती, राजकुमारी शारदा, कुमार खड्ग लगायतको हत्या भएको थियो। सैनिक सुरक्षामा रहेको राजपरिवार हत्याकाण्डबारे दलहरूबीच एक मत हुन नसक्दा साराले आशङ्का गरेका नै अर्ति दिन थालेका छन्। कार्वाही भोग्नुपर्नेले कार्वाही गर्ने हुन कि भन्ने अवस्था आउनेछ खतरा छ।

दीपेन्द्रले परिवारका सदस्यहरुलाई गोलीले उडाएको र पछि आफैंलाई गोली हानेको भनेर छानविन प्रतिवेदन सार्वजनिक गरिए पनि नेपाली नागरिकहरुले त्यसको विश्वास गरेका छैनन्। त्यो प्रायोजित थियो भन्ने दीप प्रज्वलन कार्यक्रममा राखिएको पोस्टरले सङ्केत गरेको छ। उच्च सुरक्षा घेराभित्र रहेको राजदरबारमा भएको हत्याकाण्ड अहिले पनि रहस्यकै गर्भमा छ। पारिवारिक जमघटका बेला भएको जेठ १९ को त्यो कहालीलाग्दो घटनाले अहिले पनि हरेक नेपालीलाई झस्काउने गर्छ। राजतन्त्र हटेर मुलुकमा गणतन्त्र स्थापना भइसके पनि तत्कालीन राजपरिवारको वंश नाश भएको जेठ १९ को नमिठो छाप अहिले पनि नेपालीको मनबाट मेटिएको छैन।

वीरेन्द्रको वंश नाश भएपछि नेपालमा राजतन्त्र धेरै समय टिक्न सकेन। राजा वीरेन्द्रपछि उनका माइला भाइ ज्ञानेन्द्र शाह राजगद्दीमा आसीन भए। प्रत्यक्ष शासनसत्ता हातमा लिएर तानाशाही बन्न खोज्दा नेपालका राजनीतिक दलहरुले २०६२/६३ मा दोस्रो जनआन्दोलन चर्काएर र नेपाललाई गणतान्त्रिक मुलुक घोषणा गरेर राजसंस्था अन्त्य गरेका थिए। नारायणहिटी दरबार हत्याकाण्डको ७ वर्षपछि अर्थात् २०६५ जेठ १५ गते मुलुकबाट राजतन्त्र समाप्ति र गणतन्त्र स्थापनाको घोषणा भएको थियो। ज्ञानेन्द्र शाह नै नेपालको इतिहासमा अन्तिम राजा बने। अहिले उनै ज्ञानेन्द्र वा ज्ञानेन्द्रका सन्तानलाई राजगद्दीमा फर्काउनुपर्ने मागसहित राजावादीहरुले आन्दोलन गर्दै आएका छन्।

दरबार हत्याकाण्डपछि तत्कालीन प्रधानन्यायाधीश केशव प्रसाद उपाध्याय संयोजक र तत्कालीन सभामुख तारानाथ रानाभाट सदस्य रहेको संयोजकत्वमा गठित उच्चस्तरीय छानबिन समिति गठन गरिएको थियो। जेठ १९ को घटनाका लागि युवराज दीपेन्द्रलाई दोषी देखाइएको उक्त प्रतिवेदन रानाभाटले सार्वजनिक गरेका थिए। त्यसपछि यस घटनाको कुनै स्वतन्त्र अनुसन्धान भएको छैन। नेताहरू बेलाबखत कुरा गर्ने छानबिन नगर्दा यस्तो भयानक हत्याकाण्ड सेलाउन त होइन गम्भीर प्रश्न खडा भएको छ। धेरै बोल्न भन्दा काम गर्न सके दरबार हत्याकाण्डको पर्दा उघारिनेछ।

# सम्झौता म्याद अगावै कालोपत्र सम्पन्न

**पोखरापत्र संवाददाता**
दमौली, १९ जेठ

यहाँको देवघाट गाउँपालिका-५ स्थित वडा कार्यालयदेखि ठिमुरा पुलसम्मको सडकमा ठेक्का सम्झौता म्याद सकिनु एक महिना अगावै कालोपत्र सम्पन्न भएको छ।

निर्माण कम्पनी दक्ष इन्जिनियरिङ चितवनले सम्झौता अवधिभन्दा एक महिना अघि कालोपत्र पूरा गरेको हो। सडक डिभिजन कार्यालय चितवनका इन्जिनियर अर्जुन घिमिरेका अनुसार १३० मिटर लम्बाइको उक्त सडक कालोपत्र गर्ने प्रयोजनका लागि सो कम्पनीसँग गत कात्तिक २७ गते सम्झौता भएको थियो। निर्माण सम्झौताअनुसार विसं आगामी असार २० गतेसम्ममा कालोपत्र गर्नुपर्ने थियो। सडक डिभिजन कार्यालय चितवनमार्फत सो कालोपत्र ठेक्का लगाइएको हो। कुल ७३० मिटर पक्की नालामध्ये ४०० मिटर सडक डिभिजन चितवनमार्फत र बाँकी ३३० मिटर शहरी विकास मन्त्रालय अन्तरगतको पूर्वाधार कार्यालय पोखरामार्फत् गरिएको हो। उक्त सडक कालोपत्रका लागि रु एक करोड ५६ लाख लागत इष्टमेट भएपनि ठेक्का प्रक्रियामार्फत निर्माण कम्पनीले रु एक करोड सात लाख ६५ हजारमा निर्माण गरेको हो। देवघाट गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-१ स्थित ठिमुरामा बनेको मोटरवेल पुल जोड्ने उक्त बाटो कच्ची हुँदा सर्वसाधारणलाई सास्ती थियो। सडक कालोपत्र भएपछि सर्वसाधारणलाई आवतजावतमा सहज भएको देवघाट गाउँपालिका-५ का वडाध्यक्ष पूर्णबहादुर कुवरले बताउनुभयो। उहाँले भन्नुभयो, "सडक कच्ची हुँदा धुलो र हिलोले स्थानीयवासी आजित थिए। अहिले नालासहित सडक कालोपत्र सम्पन्न भएको छ।"

# विन्ध्यवासिनी मा.वि.मा संघीय निर्वाचनको झल्को



**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयमा निर्वाचन प्रक्रिया मार्फत विभिन्न पदमा विद्यार्थी प्रतिनिधी चयन भएका छन्।

संघीय निर्वाचनको नै झल्को दिने गरि भएको निर्वाचनवाट विद्यालय क्याप्टेनमा फुटवल चुनाव चिन्ह लिएर मैदानमा उत्रिएका विद्यार्थी करुणा आचार्यले ३ सय ८२ मत प्राप्त गर्दै विजयी भईन। उनका निकटतम प्रतिद्वन्दी विजय अधिकारीले २ सय ७३ मत प्राप्त गरे।

उप क्याप्टेनमा चरो चुनाव चिन्ह लिएर मैदानमा उत्रिएका विश्वास पोखरेलले ३ जना प्रतिस्पर्धीलाई पाखा लगाउँदै निर्वाचित भए। उनले २ सय ५३ मत प्राप्त गरे। उप क्याप्टेनमा प्रतिस्पर्धा गरेका सन्दिपा थापाले २ सय ७, रिकान्त शर्माले १ सय १५ र प्रतिक गौतमले ४७ मत प्राप्त गरेको मुख्य निर्वाचन आयुक्तको जिम्वेवारी सम्हालेका सामाजिक विषयका शिक्षक कृष्ण प्रसाद पौडेलले जानकारी दिए। वाल क्लवको अध्यक्षमा प्रत्याशी प्रशिका गुरुङलाई ९१ मतले पछि पार्दै प्रशान्त थापा निर्वाचित भए। उनले ३ सय ६१ मत प्राप्त गरे। त्यसैगरी जुनियर रेडक्स सर्कलको अध्यक्षमा ३ जनाले प्रतिस्पर्धा गरेकोमा ३ सय ४ मत प्राप्त गरी लक्ष्मी गुरुङ निर्वाचित भईन्। अर्का प्रत्यासी संघर्ष बानियाँले २ सय १५ र बिप्रेशा भट्टराई १ सय १ मत प्राप्त गरी पराजित भईन्। कक्षा ४ देखि १० सम्मका सात सय पचपन्न जना विद्यार्थी मतदाताले भाग लिएको सो निर्वाचनमा कुल ६ सय ६९ मत खसेको मुख्य निर्वाचन आयुक्त जयराम पुनले वताए। विहान ११ वजेवाट शुरु भएको मतदान दिउँसो २ वजेसम्म चलेको थियो। मतदान लगत्तै खट्टिएका विद्यार्थी पर्यवेक्षक, सुरक्षाकर्मि र प्रत्यासीका प्रतिनिधीको रोहवरमा मुचुल्का गरी कडा सुरक्षा घेराका विच मतगणना गरिएको थियो। ३ वटा मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृतका रुपमा १६ जना विद्यार्थी खट्टिएका थिए। निर्वाचनमा विद्यालय क्याप्टेन तर्फ २ जना, उप क्याप्टेनमा ४ जना,वाल क्लवको अध्यक्षमा २ जना र रेडक्स सर्कलको अध्यक्षमा ३ जना गरी ४ पदका लागी ११ जना चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए। विद्यालयको पाठ्यक्रममा नै निर्वाचन र मतदानका विषय समावेश भएकाले पनि प्रयोगात्मक अभ्यासको रुपमा निर्वाचन प्रणाली मार्फत नै पदाधिकारी चयन गरिएको प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले वताए।

नवनिर्वाचित पदाधिकारीलाई सहायक प्रधानाध्यापक रामबहादुर बानियाँ, मुख्य निर्वाचन आयुक्त कृष्णप्रसाद पौडेल, जयराम पुन, बाल क्लव संयोजक तारा अधिकारी, शिक्षक महेन्द्र प्रसाद पौडेलले सपथ गराए। निर्वाचनमा सुरक्षाकर्मि, पत्रकार, पर्यवेक्षक, एजेन्ट, स्वयंसेवक र निर्वाचन कर्मचारीको रुपमा विद्यार्थी नै खट्टिएका थिए। यसअघि गत बुधवार मनोनयन दर्ता गरी उम्मेदवारी दिएका प्रत्यासीले विद्यार्थी मतदाताका विच आफना प्रतिवद्धता सार्वजनिक गरेका थिए।

मतपत्र वाहेक निर्वाचनका आवस्यक सामाग्री भने निर्वाचन कार्यालय कास्कीले सहयोग गरेको थियो।

# मुस्ताङको तीन पालिकामा हिउँ चितुवा सर्वेक्षण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ जेठ



मुस्ताङमा हिउँ चितुवा र आहारा प्रजातिको सर्वेक्षण सुरुआत गरिएको छ। राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण आयोजना इलाका संरक्षण कार्यालय (एक्याप) द्वारा संयुक्त रुपमा यहाँका तीन पालिकामा हिउँ चितुवा र आहारा प्रजातिको सर्वेक्षण सुरु गरेका हुन्।

एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले थासाङ, घरपझोङ र वारागुङ मुक्ति क्षेत्रको उच्चलेक, खर्क, पाटन र जङ्गललगायत हिउँ चितुवा र आहारा प्रजातिको सर्वेक्षण तथा हिउँ चितुवा र चितुवाको ओभर ल्यापिङ गतिविधि पत्ता लगाउन हिउँ चितुवा र आहारा प्रजातिको क्यामेरा ट्यापिङ थालिएको बताउनुभयो। यसका लागि ३२ क्यामेरा व्यवस्थापन गरिएको गरिएको छ। समुन्द्री सतहको तीन हजार मिटर उचाइदेखि चार हजार छ सय मिटरको उचाइसम्म हिउँ चितुवा र आहारा प्रजातिको सम्भावित बासस्थान क्षेत्रमा सर्वेक्षणका लागि क्यामेरा राखिएको हो। एक्यापले राखेको क्यामेरामार्फत हिउँ चितुवालगायत अन्य वन्यजन्तुको गतिविधि क्यामेराले रेकर्डमा राख्ने सुविधा रहेको कार्यालय प्रमुख गुप्तको भनाइ छ। क्यामेरामा वन्यजन्तुको श्रव्य दृष्य रेकर्ड राख्ने प्रविधि भएकाले हिउँ चितुवा र आहारा प्रजातिको सर्वेक्षणमा सहज हुने कार्यालय प्रमुख गुप्तले बताउनुभयो।

एक्यापले म्याग्दी र मुस्ताङको सिमाना घाँसादेखि साङ्ता हुँदै मुक्तिनाथ, झोङ, लुप्रा, छुसाङ, समर, तेताङ, जोमसोम लेंक र मार्फाको बतासे लेंक लगायतको उच्चस्थानमा हिउँ चितुवा र आहारा प्रजातिको संरक्षण तथा अनुगमन गर्न क्यामेरा ट्यापिङ सुरु गरेको एक्याप जोमसोमका वन रेन्जर दीपक ओलीले जानकारी दिनुभयो।

सर्वेक्षणका लागि ४५ दिनसम्म क्यामेरा ट्यापिङ गर्ने गरी व्यवस्थापन गरेको वन रेन्जर ओलीको भनाइ छ। यसरी सर्वेक्षणका लागि राखिएका क्यामेरा पाँच किलोमिटरको दुरीमा राखिएको उहाँले बताउनुभयो। एक्याप जोमसोमले यसपटक हिउँ चितुवाको सर्वेक्षणका अलवा आहार प्रजाति र हिउँ चितुवा र चितुवाको ओभर ल्यापिङ क्रसलाई क्यामेरा ट्यापिङमार्फत अध्ययन गर्ने जनाएको छ। "हिउँ चितुवा र चितुवाको बासस्थान खप्टिएको छकी छैन, हिउँ चितुवा कति तलसम्म झर्ने गरेको छ र चितुवाको कति माथिल्लो उचाइसम्म पुग्ने गरेको छ, त्यसको विवरण क्यामेरा ट्यापिङबाट अध्ययन गरिनेछ", वन रेन्जर ओलीले भने। क्यामेरा ट्यापिङमार्फत आहार प्रजातिको अवस्था कस्तो छ त्यसको विस्तृत अध्ययन हुने वन रेन्जर ओलीले उल्लेख गर्नुभयो। यसका साथै हिउँ चितुवाको दिशा सङ्कलन गरी ल्याब परीक्षण गरी हिउँ चितुवाको वास्तविक तथ्य पत्ता लगाइने वन रेन्जर ओलीको भनाइ छ। एक्यापले गतवर्ष उपल्लो मुस्ताङ र तल्लो मुस्ताङमा हिउँ चितुवा सर्वेक्षणका लागि दर्जनौं क्यामेरा राखेर ट्यापिङ गरेको थियो। तल्लो मुस्ताङमा गत वर्ष आंशिक क्यामेरा ट्यापिङ गरिएकाले यसवर्ष विस्तृत तरिकाले समेट्ने गरी ट्यापिङ सुरु गरिएको एक्याप जोमसोमको भनाइ छ। एक्यापले यसरी हिउँ चितुवा तथा अन्य वन्यजन्तुको गतिविधिलाई सर्वेक्षण गर्न राखिएका क्यामेराको माध्यमबाट मुस्ताङका उच्चलेंक, खर्क र पाटनमा हुने सम्भावित वन्यजन्तुको चोरी शिकारी नियन्त्रणमा योगदान पुग्ने एक्यापको भनाइ छ।

जिल्लाका उच्चलेंक तथा पाटनमा यार्सा टिप्ने सिजन सुरु भएकाले उच्चलेंक तथा पाटनमा हुने अवान्छित गतिविधिलाई क्यामेरा ट्यापिङले ठूलो सघाउँ पुऱ्याउने जनाएको छ। एक्याप जोमसोमले सुरु गरेको हिउँ चितुवा र आहारा प्रजातिको सर्वेक्षणका लागि एक्याप वन रेन्जर ओलीलगायत अन्य एक्यापका कर्मचारीहरु कार्यस्थलमा खटिएका छन्।

# सात सय फरार प्रतिवादी पक्राउको सूचीमा

**पोखरापत्र संवाददाता**
दमौली, १९ जेठ

जिल्ला अदालतबाट फैसला भई विभिन्न मुद्दामा फरार रहेका सात सय जना फरार प्रतिवादी अझै पक्राउको सूचीमा रहेको प्रहरीले जनाएको छ। फरार हुँदै आएकाको खोजी कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय तनहुँ मुद्दा शाखाका प्रहरी निरीक्षक राजु अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार चालु आर्थिक वर्षका साउनदेखि वैशाख महिनासम्मको दश महिनाको अवधिमा फरार आठसय एकाइस जनामध्ये १२१ जना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीका अनुसार पक्राउ पर्नेमा महिला सोह्र र पुरुष एक सय पाँच रहेका छन्। पक्राउ परेका फरार प्रतिवादीबाट सत्र वर्ष तीन महिना १९ दिन कैद भुक्तान भएको छ।

"प्रहरीले फरार प्रतिवादी पक्राउ गरी जिल्ला अदालतमा पेस गरिएकोमा अदालतबाट कैद भुक्तानका लागि आदेश भएको हो", उहाँले भन्नुभयो, "अन्य फरार प्रतिवादीको खोजी कार्य तीव्र रूपमा भइरहेको छ।" पक्राउ गरिएका प्रतिवादीबाट रू ३४ लाख ८९ हजार छ सय अठ्ठाइस राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ। त्यसैगरी अवैध नदीजन्य उत्खननमा संलग्न ८० सवारीसाधन नियन्त्रणमा लिएर कारबाहीका लागि सम्बन्धित पालिकामा पठाइएको छ। ती सवारी साधनले स्थानीय तहमा रू दश लाख ७२ हजार जरिवाना बुझाएर छुटेका छन्। प्रहरीले जिल्लाका विभिन्न स्थानबाट ६६ दशमलव ७८ क्युफिट अवैध सालको काठ बरामद गरी कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालयमा पठाएको छ। जबरजस्ती करणीका सोह्र, कर्तव्य ज्यानका नौ र मानव बेचबिखन तथा ओसारपसार उद्योगका एक गरी २६ वटा जघन्य प्रकृतिका मुद्दा दर्ता भएको प्रहरी प्रमुख प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर शाहीले बताउनुभयो। जुवातासका बाह्र वटा मुद्दा दर्ता भएकोमा एक महिलासहित एक सय तीन जनालाई पक्राउ गरेको थियो। उक्त जुवाखालबाट रू दश लाख तीन हजार चार सय पाँच रकम बरामद भएको प्रहरी उपरीक्षक शाहीले बताउनुभयो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : आर्थिक समस्या |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



**पोखरा महानगरपालिका**
**६ नं. वडा कार्यालय, कास्कीको**

## घरबहाल सम्बन्धी १५ दिने सार्वजनिक सूचना

*सूचना प्रकाशित मितिः २०८२/०२/२० गते*

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ९ वस्ने मुक्ति प्रसाद पन्ताचनका नाती, चन्द्रकुमार पन्ताचनका छोरा फिरोज पन्ताचनको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ६ को कित्ता नं. १६३ क्षेत्रफल २४१.७० वर्ग मिटरको जग्गाको उत्तर कोइराला मार्ग तर्फको सटरमा तनहुँ जिल्ला सोतीपसल स्थायी घर भइ हाल पोखरा-१६, वस्ने डि.बी. विक्रम शाहले ७ महिना देखि फ्रेस हाउस संचालन गर्दै आएकोमा विगत ४ महिनादेखि सम्पर्कमा नआएको हुँदा घर खाली गराई पाउँ भनि घरधनिले यस कार्यालयमा दिएको निवेदन अनुसार बुझ्दा उल्लेखित व्यहोरा सहिसाँचो देखिन आएकोले मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ४०४ को उपदफा ९२० बमोजिम तपाई बहालवाला यो सार्वजनिक सूचना प्रकाशन भएकाे मितिले १५ दिन भित्र यस कार्यालयमा उपस्थित हुन अनुरोध छ अन्यथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ बमोजिम हुने व्यहोरा जानाकारी गराईन्छ।

# मौरिस हर्जोगले यसरी चिनाए अन्नपूर्ण

–सन्तोष गौतम
म्याग्दी, १९ जेठ/रासस



पचहत्तर वर्षअघि फ्रान्सका मौरिस हर्जोग नेतृत्वको टोलीले गरेको अन्नपूर्ण हिमालको कीर्तिमान आरोहणले नेपालको पर्वतारोहणको सम्भावनालाई अन्तराष्ट्रिय क्षेत्रमा उजागर गरिदिएको थियो ।

सन् १९५० जुन ३ मा मौरिस र लुईस लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो । हर्जोग र लचेनलले आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलोपटक सफल आरोहण गरेर कीर्तिमान बनाएपछि फ्रान्सले तीन दिन राष्ट्रिय उत्सव मनाएको थियो ।

आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख मणिराज लामिछानेले बताउनुभयो । “मौरिसले अन्नपूर्ण आरोहणको अनुभव समेटेर लेखेको पुस्तकले नेपालको पर्वतारोहण पर्यटनलाई विश्व बजारमा उजागर गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ”, उहाँले भन्नुभयो, “अन्नपूर्ण रेञ्जका हिमाल हेर्न र चक्रिय अन्नपूर्ण पदमार्ग भ्रमणका लागि आउने पर्यटकका कारण पोखरा र गण्डकी प्रदेशलाई मात्र नभई देशलाई नै फाइदा पुगेको छ ।”

प्रमुख लामिछानेका अनुसार मौरिस हर्जोग, अन्नपूर्ण रेञ्जका हिमाल, पोखरा, गण्डकी प्रदेश र नेपालको पर्यटन क्षेत्रको अन्तरसम्बन्ध छ । मौरिसले लेखेको ‘अन्नपूर्णमा पहिलो पाइला’ नामको पुस्तक २० करोडप्रति बिक्री भएको पर्यटन व्यवसायीहरुको भनाइ छ । जुन पुस्तक विश्वमा धेरैप्रति बिक्री हुनेमध्येमा पर्ने ट्रेकिङ एजेन्सिज एशोसिएशन (टान) गण्डकीका उपाध्यक्ष कृष्ण आचार्यले बताउनुभयो । “हामीले अन्नपूर्ण हिमाल आरोहण गरेपछि फ्रान्सेलीहरू आठ हजार मिटरभन्दा अग्लो हिमालमा गए”, हर्जोगले आफ्नो पुस्तकमै लेख्नुभएको छ, “हिमालमा फ्रान्सेली झण्डा फहराएपछि ती त्यत्रा हिमाल कसरी चढे, उनीहरू को हुन्? भनेर हल्लीखल्ली मच्चियो । संसारभरिका मानिसको आँखा खुल्यो ।” एकतीस वर्षको उमेरमा अन्नपूर्ण आरोहणको क्रममा उहाँको दुवै हात र दुवै खुट्टा हिउँले खाइदिएपछि शेर्पाहरूले हिमालबाटै बोकेर आधार शिविर झारेका थिए । फ्रान्सको लियोन सहरमा १५ जनवरी १९१९ मा जन्मिएका हर्जोगको १३ डिसेम्बर २०१२ मा ९३ वर्षको उमेरमा निधन भएको थियो । भारतको नयाँदिल्लीमा सामान्य उपचार गरेर जन्मथलो फर्किएका उहाँले फ्रान्समा पनि राम्रो उपचार नभएपछि अमेरिका पुगेर कृत्रिम हातखुट्टा राख्नुभएको थियो । तत्कालीन प्रधानमन्त्री मोहन शमशेरले हर्जोगलाई पत्र पठाएर निमन्त्रणा गर्नुभएको थियो । हर्जोगसँगै आरोहण यात्रामा रहेका लुइस र चिकित्सक मार्सेलोसहितको टोलीले मोहन शमशेरलाई भेट गरेको थियो । तत्कालीन सरकारले काठमाडौंमा समारोह आयोजना गरेर हर्जोगलाई गोरखा क्रस पदक प्रदान गरी सम्मान गरेको थियो । हर्जोगले प्राप्त गरेको पदक नेपाल सरकारबाट विदेशी नागरिकले प्राप्त गरेको उच्च तहको सम्मान हो । हिमाल चढेर विश्व इतिहास बनाएकै कारण फ्रान्स सरकारले उहाँलाई झण्डै एक दशकसम्म खेलकुदमन्त्री, सांसद र समोनी सहरको मेयर चुनेको थियो । हर्जोगले आफ्नो पुस्तकमा ‘हिमाल चढ्दा के हुन्छ, के हुँदैन’ भनी अविवाहित बसेको र अन्नपूर्ण चढेपछि बिहे गरेको उल्लेख गर्नुभएको छ । हर्जोगको टोली अन्नपूर्ण चढ्न दुई सय ५० जना भरिया लिएर अन्नपूर्ण आधार शिविर पुगेको थियो । पर्यटन विभागका अनुसार हालसम्म पाँच सय ३२ जनाले अन्नपूर्ण आरोहण गरेका छन् ।

**प्रथम आरोहीको नाममा पदमार्ग**

नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा ‘ मौरिस हर्जोग’ नामकरण गरेको थियो । पदमार्गको प्रवेशबिन्दुमा पर्ने नारच्याङमा आएका हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरको बारेमा जानकारी गराएपछि स्थानीयवासीहरुको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको अगुवा गुरुङले बताउनुभयो । “दुई दशक अघिसम्म अन्नपूर्ण आधार शिविर म्याग्दीको भूगोलमा पर्ने तथ्य र त्यहाँ जाने पदमार्गको पहिचान भएको थिएन,” उहाँले भन्नुभयो “पदमार्ग पहिचान, पूर्वाधार निर्माण र प्रवर्द्धनका कार्यक्रम गरेपछि पछिल्लो दुई वर्षयता अन्नपूर्ण आधार शिविर र मौरिस हर्जोग पदमार्ग गुल्जार बनेको छ ।” कास्की र म्याग्दीका दुईवटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ । अन्नपूर्ण हिमाललाई फन्को लगाउने अन्नपूर्ण चक्रीय पदमार्ग विश्वको प्रसिद्ध पदमार्ग मानिन्छ । हर्गोजले इतिहास रचेको अन्नपूर्ण आधार शिविर र उनले प्रयोग गरेको पदमार्गको पहिचान, पूर्वाधार निर्माण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गरिएको छ । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूत स्तरको २२ किलोमिटर पदमार्ग तयार भएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि ‘ भर्जिन’ गन्तव्य हो । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । पदमार्गको स्तरोन्नति, खोलामा झोलुङ्गे पुल निर्माण, आश्रयस्थलको क्षमता विस्तार, खानेपानी, शौचालय, सञ्चार, विद्युत् सुविधा र सुरक्षाको व्यवस्थापनका लागि गाउँपालिकाले एकीकृत गुरुयोजना तयार पारेर पूर्वाधार निर्माण थालेको अध्यक्ष पुनले बताउनुभयो ।

**अन्नपूर्ण आरोहणको हीरक जयन्ती**

हरेक वर्ष नेपाल र विश्वभर विविध कार्यक्रम गरेर अन्नपूर्ण आरोहण भएको दिनको सम्झना गरिन्छ । अन्नपूर्ण आरोहणको ७५ वर्षपछि पहिलो पटक सम्बन्धित भूगोलमा विविध कार्यक्रमका साथै हीरक महोत्सव मनाउन थालिएको अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर पुनले बताउनुभयो ।

उहाँका अनुसार काठमाडौँ र पोखरामा कार्यक्रम गरेर अन्नपूर्ण आरोहण दिवस मनाउने गरिएको थियो । अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन वोर्ड, नेपाल पर्वतारोहण संघ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को आयोजना र अन्नपूर्ण गाउँपालिका पर्यटन विकास समिति सहआयोजक भएर महोत्सव गर्न लागिएको हो । हीरक जयन्तीको अवसरमा आइतबारदेखि नारच्याङ गाउँदेखि आधार शिविर जोड्ने मौरिक हर्जोग पदमार्गमा पदयात्रा शुरु भएको छ । पदयात्रा टोलीमा प्रथम आरोही मौरिसका छोरा माथिएस, नाती इथेन हर्जोगलगायत फ्रान्सका छ, बेलायतका तीन, भारतका पाँच र इटलीका एक जना सहभागी भएका छन् । नेपाल सरकारको निमन्त्रणामा अन्नपूर्ण आरोहणको हीरक जयन्ती मनाउने कार्यक्रममा सहभागी हुन विदेशी पाहुनाहरु आउनुभएको हो । आरोहीका परिवारका सदस्य, पर्यटन व्यवसायी, पत्रकारसहित दुई सय जना सहभागी टोली नारच्याङ बेसीदेखि हुमखोला, फुतफुते झरना, साँधीखर्क, भुसकेत, पञ्चकुण्ड ताल हुँदै सोमबार साँझ चार हजार एक सय मिटर उचाइ रहेको अन्नपूर्ण आधार शिविरमा पुग्ने कार्यक्रम छ । टोलीका साथै मङ्गलबार अन्नपूर्ण आधार शिविरदेखि नारच्याङ गाउँसम्म हुने ३० किलोमिटर दुरीको म्याराथुन प्रतियोगितामा सहभागी ४२ जना धावकहरुको टोली पनि आधार शिविरतर्फ गएका अन्नपूर्ण गाउँपालिका-४ का वडा सदस्य श्याम पुर्जाले बताउनुभयो । पदयात्रा र धावकहरुको टोलीलाई आइतबार बिहान नारच्याङ बेसीमा बिदाइ गरिएको थियो । माथिएसको नेतृत्वमा विदेशी कलाकारहरुले सोमबार साँझ आधार शिविरमा आरोहीहरुको साँगितिक कार्यक्रम गर्दैछन् । उनिहरुले शनिबार साँझ नारच्याङ बेसीमा पनि सांस्कृति कार्यक्रम गरेका थिए । आफ्ना बुवाले आरोहणका क्रममा प्रयोग गरेको पदमार्ग र आधार शिविरमा पुग्न पाउँदा खुसी लागेको माथिएसले बताउनुभयो । उहाँ गत असोजमा उक्त पदमार्गको यात्रामा जानुभएको थियो । हीरक महोत्सवको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा मङ्गलबार हुने कार्यक्रमको तयारी पूरा भएको अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दीवा तिलिजा पुनले बताउनुभयो । पहिलो आरोही हर्जोग, लुइस लचेन र पहिलो नेपाली आरोही सोनाम वाङचुक शेर्पाको आधार शिविरमा स्थापना भएको शालिक अनावरण, खुला सङ्ग्रहालय र मौरिस हर्जोग पदमार्गको उद्घाटन, नारच्याङ बेसीमा मुल समारोह, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम तय भएको छ । मङ्गलबारदेखि नारच्याङ बेसीमा अन्नपूर्ण गाउँपालिकाका आठवटै वडाको सहभागितामा मगर संस्कृतिमा आधारित पुर्खौली नृत्य, झाँकी तथा खुला नृत्य प्रतियोगिता सुरु हुँदैछ । २१ गते पर्यटकीयस्थल घोडेपानी पुनहिलमा पदयात्रा गर्ने कार्यक्रम छ । २२ गते पोखरामा प्रथम आरोही हर्जोगले प्रयोग गरेका उपकरण उनका परिवारबाट नेपाल पर्वतारोहण सङ्घद्वारा सञ्चालित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरालाई हस्तान्तरण र हर्गोजले लेखेर फ्रान्सेली राजदूतावासले अनुवाद गरेको पुस्तक ‘द अन्नपूर्ण’ को विमोचन गर्ने कार्यक्रम तय भएको छ ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, कास्की

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२।०२।१९

कास्की जिल्ला मौजे बाटुलेचौर १९ नं. का जि.मु. हस्तविरको पदमपाणी पाध्याको तोयनाथ जिम्मा १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ५१७ द.नं. २४ मा ऐ. रैकरेको ठुलो पाटन ऐ. माइलो पाटन ऐ. सानु पाटन भन्ने जग्गा २०३२ सालसम्मको तिरो तिरेको भु.सु. ७ नं. फाराममा नन्दलाल तिम्सिनाका नामबाट लगत दिएको सर्भे नापीमा बाटुलेचौर-४ को कि.नं. ८० क्षे.फ. ०-६-३-३ को जग्गा विरहमा खर किसिममा चाहार भएको १ कित्ता जग्गा फिल्डबुक महलमा मेरो श्रीमान नन्द लाल तिमिल्सिनाको नाममा कायम भएको मैले नै आवाद कमोद भोगचलन गर्दै आएको, मेरा श्रीमान नन्दलाल तिमिल्सिनाको मिति २०७२।१०।०३ मा मृत्यु भएको मृतकको एक मात्र श्रीमती रमा तिमिल्सिना निवेदक रहेको हुँदा उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १६ बस्ने रमा तिमिल्सिनाले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | बाटुलेचौर | ४ | ८० | ०-६-३-३ | खर | चाहार | नन्दलाल तिमिल्सिना |

ईति संवत २०८२ साल चैत्र १९ गते रोज २ शुभम् ।


# कुगी समाजमा उद्घोषण तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ




स्याङ्जा कुगी तमु समाज पोखरा १५ नयाँगाउँमा एक हप्ते उद्घोषण तथा भाषण कला सम्बन्धी तालिम सम्पन्न भएको छ ।

समाजका महिला पदाधिकारीहरुको क्षमता बढाउने उदेश्यले सञ्चालित उद्घोषण तथा भाषण तालिम आइतवार सम्पन्न भएको हो । तालिमको समापन समारोहमा मन्तव्य दिदै प्रमुख अतिथी समाजका वरिष्ठ सल्लाहकार स्यानीमाया गुरुङले महिलाहरुको अन्तरनिहित क्षमतालाई उजागर गर्दै नेतृत्वको विकास गराउन तालिम निकै प्रभावकारी भएको बताए । उनले भने, तालिमले सहभागीहरुमा निकै आत्मविश्वास बढाएकाले यस्ता तालि निरन्तर सञ्चालन गर्नुपर्दछ । तालिमको समापन समारोहमा स्याङ्जा कुगी तमु समाजका निवर्तमान अध्यक्ष तथा सल्लाहकार ज्ञान राज गुरुङ, सचिव जगत गुरुङ, सहजकर्ता सञ्चारकर्मी गोविन्द थापा सिन्जाली लगायतका अतिथीहरुले मन्तव्य राखेका थिए साथै सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए ।

समाजका अध्यक्ष बम गुरुङको अध्यक्षतामा सन्चालित समापन समारोहमा प्रशिक्षार्थीहरु पुन माया गुरुङ र बौ माया गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए भने बाँकी सहभागीहरुले तालिमका सिकेका ज्ञान, अनुभव बाँडेका थिए । तालिममा समाजका कुल १६ जना महिलाहरुले सहभागिता जनाएका थिए ।

# बन्दीपुरमा विदेशी चलचित्रको छायाङ्कनले पर्यटन व्यवसायी उत्साहित

पोखरापत्र संवाददाता
दमौली, १९ जेठ



तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा विदेशी चलचित्र टासीको छायाङ्कन सुरु भएपछि यहाँका पर्यटन व्यवसायी उत्साहित बनेका छन् । पहिलो सगरमाथा आरोही तेञ्जिङ नोर्गे शेर्पाको कथामा आधारित उक्त चलचित्रको आइतबारदेखि बन्दीपुरमा छायाङ्कन सुरु भएको हो ।

बन्दीपुरमा उक्त चलचित्रको छायाङ्कनका लागि बन्दीपुर बजारलाई पुरानो शैलीमा सिङ्गारिएको छ । बन्दीपुरलाई पुरानो दार्जिलिङ बनाएर छायाङ्कन गर्न लागिएको हो । करिब एक साताको तयारीपश्चात् चलचित्रको छायाङ्कन सुरु गरिएको हो । बन्दीपुर आसपासका विभिन्न उमेर समूहका करिब ३०० स्थानीयलाई दैनिक रु एक हजारदेखि रु एक हजार ५०० सम्म पारिश्रमिक दिएर कलाकारको रूपमा प्रयोग गरिएको छ । बन्दीपुरमा तीन दिनसम्म चलचित्रको छायाङ्कन हुने जनाइएको छ । बन्दीपुरमा विदेशी चलचित्रको छायाङ्कन भएपछि यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन् ।

होटल तथा पर्यटन व्यवसायी किसान प्रधानले विदेशी चलचित्रको छायाङ्कनले यस क्षेत्रको प्रचारप्रसार हुने बताउनुभयो । चलचित्र टोली एक सातादेखि बन्दीपुरमा बसिरहेको र यसले यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको भनाइ छ । चलचित्र छायाङ्कनले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक वैशबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “विदेशी चलचित्रको छायाङ्कनका लागि बन्दीपुर रोजाइमा पर्नु हाम्रा लागि खुसीको कुरा हो, यसले यहाँको पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्नेछ ।” सन् १९५३ मा आरोही शेर्पाको नेतृत्वमा सर्वोच्च शिखर सगरमाथा आरोहण गरिएको कथावस्तुलाई आधार बनाएर चलचित्र निर्माण गर्न लागिएको जनाइएको छ । अमेरिकी कम्पनी एप्पलले यो चलचित्रको निर्माण गर्न लागेको हो ।

# कुश्माबजारको घण्टाघर दुई वर्षदेखि प्रयोगहीन

पोखरापत्र संवाददाता
पर्वत, १८ जेठ



आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणका लागि पर्वत सदरमुकाम कुश्माबजारमा निर्माण गरिएको घण्टाघर दुई वर्षदेखि प्रयोगहीन बनेको छ ।

कुश्मा नगरपालिकाको गौरवको योजनाअन्तर्गत वडा नं ५ बञ्जिसाइडमा निर्माण गरिएका घण्टाघरले पूर्णता पाउनसमेत सकेको छैन । नगरपालिकाको रु ८० लाख लागतमा निर्माण घण्टाघरलाई साँचो लगाएर राखिएको छ भने बाहिरि संरचना जीर्ण बन्दै जान थालेका छन् ।

स्थानीयवासी व्यवसायी बमबहादुर पुनले पर्यटक आकर्षण गर्न बनाइएको घण्टाघर प्रयोगहीन भएको बताउनुभयो । घण्टाघर वरिपरिका घरभन्दा पनि होचो संरचना बनाईएको छ । आर्थिक वर्ष २०७७/७८ को बजेटबाट निर्माण सुरु भएको उक्त संरचना बनाउनुभन्दा पहिलादेखि नै विवादित हुँदै आएको थियो ।

कुश्मा -५ का वडाध्यक्ष रामहरि चापागाईंले अघिल्लो कार्यकालमा निर्वाचित जनप्रतिनिधिले निर्माण गरेको हुँदा सबै जानकारी नभएको बताउनुभयो ।

दुई वर्ष अगाडि नै निर्माण सम्पन्न भएको भए पनि टावरमा ताला लगाएर राखिएको उहाँको भनाइ छ । कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशी आगामी वर्षको बजेटबाट घण्टाघरलाई पूर्णता दिने जानकारी दिनुभयो । उपप्रमुख स्वस्थानी रिजालले नगरभित्र निर्माण भएका संरचनालाई संरक्षण गरी सञ्चालनमा ल्याउने दायित्व नगरको भएकाले समयमा सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

घण्टाघर सञ्चालनका लागि नयाँ कुनै योजना नभएकाले कसरी सञ्चालन गर्ने भन्नेमा कुनै छलफलसमेत नभएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले बताउनुभयो । उहाँका अनुसार घण्टाघरको निर्माण सम्पन्न भएर गत वर्ष नै भुक्तानी भइसकेको र त्यसमा प्रयोग हुने घडी नेपालमा नपाइने भएकाले उपयोग गर्न नसकिएको दाबी गर्नुभयो ।

साहसिक पर्यटनको हब बन्दै गएको कुश्मामा रहेको विश्वकै दोस्रो अग्लो बञ्जि र विश्वकै लामो सुपरम्यान शैलीको जीपलाइन नजिकै रहेको उक्त घण्टाघरलाई समयमै पूर्णता दिन सकेमा पर्यटकको आकर्षण बढ्ने स्थानीय शिशिर पौडेलले बताउनुभयो ।